मिति २०७८/०१/१२ गतेको (मा. मन्त्रीस्तर) निर्णय अनुसार पहिलो संशोधन।

बीउ भण्डार गृह (बीउ बैंक) स्थापना तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ का निम्न दफा र उपदफाहरूमा संशोधन गरिएको छ।

संशोधन भई कायम हुने दफा तथा उपदफाहरूः

१. दफा ५ को उपदफा २ संशोधन : (२) कार्यक्रम अन्तर्गत सञ्चालन गरिने क्रियाकलापहरु देहाय बमोजिम रहेका छन् :-

| क.स. | क्रियाकलाप | प्रक्रिया | जिम्मेवारी | उपलब्ध हुने रकम (प्रति प्रस्ताव) |
|---|---|---|---|---|
| १. | बीउ भण्डार गृह निर्माण वा सुधार (बढिमा ७५% अनुदान) | निर्माण/सुधार | प्रस्तावकको | आवश्यकता अनुसार |
| २ | बीउ प्रशोधन तथा भण्डारण मेशिनरी औजार उपकरण (बढिमा ७५% अनुदान) | मेशिनरी आपूर्ती | प्रस्तावकको | आवश्यकता अनुसार |

२. दफा ८ को खण्ड ख मा संशोधन : (ख) बीउ भण्डार गृह (बीउ बैंक) स्थापना वा सुधार कार्यक्रममा लाग्ने लागतको वढीमा ७५ प्रतिशत रकम अनुदानमा उपलब्ध गराउन सकिनेछ। बांकी अंश स्थानीय तह तथ अन्य संघ, संस्थाहरूसंग सहयोगमा समेत सञ्चालन गरिनेछ।

३. अनुसूचि १ को खण्ड (ख) मा संशोधनः

खण्ड (ख)

(ख) आयोजनामा सञ्चालन गर्नुपर्ने क्रियाकलापहरु (प्रस्तावकले गर्ने)

| क.स. | क्रियाकलापहरु | कूल लागत रकम रु. | आवेदक संस्थाले ब्यहोर्नुपर्ने रकम रु. | निर्देशनालय/कार्यालयबाट दिइने अनुदान रकम रु. |
|---|---|---|---|---|
| १ | सामुदायिक बीउ बैंक समितिको गठन तथा विधान तथा योजनाका लागि समुह बैठकहरु (बीउ बैंक सञ्चालन विधान, बीउ उत्पादन तथा जात संरक्षण योजनाहरु बनाउन तथा निर्णयहरु गर्ने कार्यहरु) | | | - |
| २ | बीउको जातीय नक्सा तयारी साथै तथा कृषि तथा बीउ मेला, दिवस आदिमा सहभागि (स्थानीय जात तथा बीउ संरक्षणका लागि प्रवर्द्धनात्मक कार्यहरु) | | | - |
| ३ | बीज वृद्धि कार्यक्रम | | | - |
| ४ | बीउ घुम्ती कोष (Revolving Fund) स्थापना (अनुदान रकमको १०% रकम संस्थाको खातामा घुम्ती कोषको रुपमा रहने) | | | - |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ५ | बीउ भण्डार गृह निर्माण वा सुधार (गोदाम निर्माण/सुधार, खलिहान निर्माण, वा उपकरण औजार राख्ने सेड हाउस पनि पर्ने) (बढिमा ७५% अनुदान) | | | - |
| ६ | बीउ प्रशोधन तथा भण्डारण मेशिनरी औजार उपकरण खरिद जडान ( बढिमा ७५% अनुदान) | | | - |
| ७ | स्थानीय जात संरक्षण तथा बीउ साटासाट, वितरण आदि कार्यका लागि (जात संरक्षणका लागि बीउ राख्ने र्याक, प्याकेट अनुसन्धान बीउ कीट, विशेष भण्डारण सामग्री आदि) | | | - |
| ८ | विविध खर्च (होर्डिङ्ग बोर्ड सार्वजनिक सुनुवाइ, बैठक, बीउ बैंकका प्रदेश तथा राष्ट्रीय स्तर सभा तथा समन्वय कार्यक्रम आदिमा सहभागि) | | | - |
| | कूल जम्मा रकम रु. | | | |

४. दफा १७ थप गरिएको छः "१७ यस अघि सम्झौता भई कार्य सम्पन्न भएका र कार्यान्वयन चरणमा रहेका कार्यक्रमहरूको हकमा भने यस अघिकै कार्यविधिमा रहेको ब्यवस्था अनुसार हुनेछ।"

Scanned with CamScanner